२०८० मंसिर २१ गते तदनुसार December 7, 2023 बिहीवार बैठकमा पेश भएका कार्यसूचीहरु :

१. जग्गा निशुल्क रजिष्ट्रेसन पासको लागि सिफारिस सम्बन्धमा ।

२. लागत अनुमान रकम संशोधन सम्बन्धमा ।

३. प्रतिनिधि तोकि पठाएको सम्बन्धमा ।

प्रमाणित

२०८०/८/१९

CamScanner

बैठकका निर्णयहरु:

**निर्णय नं.१:** यस मानेभन्ज्याङ गाउँपालिका वडा नं. ३ उँवु (साविक उँवु गाविस वडा नं. ६) वस्ने श्री कुल वहादुर वस्नेतको नाती तथा श्री लोक बहादुर वस्नेतको छोरा श्री पदम बहादुर वस्नेतले आफ्नो नाममा रहेको जग्गा कित्ता नं. ८५५ बाट कित्ताकाट गरी कुल क्षेत्रफल मध्येवाट ०-४-०-० क्षेत्रफल भएको जग्गा धेमयोग युवा समाज जुरेलाई निशुल्क प्रदान गर्ने भनि निवेदन प्राप्त भएकोले आजको कार्यपालिका वैठकवाट सो क्षेत्रफल वरावरको जग्गा धेमयोग युवा समाजको नाममा निशुल्क रुपमा राजिष्ट्रेसन पास गर्नको लागि जिल्ला मालपोत कार्यालय, ओखलढुङ्गालाई सिफारिस गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं.-२:** यस गाउँपालिकाले "मानेभन्ज्याङ गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९" को नियम १३८ को आन्तरिक आयको लागि ठेक्का वन्दोवस्त गर्न सक्ने व्यवस्था वमजिम उपनियम (४) 'ङ' अनुसार दुधकोशी र सुनकोशी नदीको बगर क्षेत्रबाट ढुंगागिटी र बालुवा उत्खनन, संकलन र विक्री गर्ने ठेक्का आव्हान गर्दा कुनै पनि वोलपत्र पर्न नआएको र पुन: उपनियम (४) को 'ज' र 'झ' वमोजिम सूचना प्रकाशन गर्दा पनि कुनै पनि वोलपत्र पर्न नआएकोले साथै यस गाउँपालिका क्षेत्रभित्र तथा ओखलढुङ्गा जिल्लाभित्र निर्माण भैरहेको भौतिक संरचनाहरुमा क्रसरको गिटी वालुवा मात्र प्रयोग हुने/गर्न दिने भएकोले **IEE** वमोजिमको लागत स्टिमेटको रकम वोलपत्रदाताहरुले संकलन गर्न नसक्ने तथा पुन ३० दिनको वोलपत्र आव्हान गर्दा यस आ.व. २०८०/८१ भित्रै सबै रकम संकलन गर्नुपर्ने हुनाले वोलपत्रदाताहरुलाई पुरै आर्थिक वर्ष भरिको समय अवधि प्राप्त नहुने हुँदा वगर क्षेत्रवाट उत्खनन् संकलन तथा बिक्री गर्न यस अगाडी प्रकाशन भएको सूचनामा उल्लेख भएको लागत अनुमानमा ५०% (पचास प्रतिशत) घटाइ पुन वोलपत्र आव्हान गर्ने निर्णय सर्वसम्मत गरियो ।

**निर्णय नं.-३:** यस मानेभन्ज्याङ गाउँपालिकाको नाममा जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालतमा परेको विभिन्न मुद्दा ममिलाहरुमा यस गाउँपालिकाको कानुनी सल्लाहकार श्री मदन कुमार राईलाई सम्पूर्ण कार्य गर्नका लागि अख्तियारी दिई प्रतिनिधि तोकी पठाउने निर्णय गरियो ।

प्रमाणित

CamScanner